# प्रेस विज्ञप्ति

नव नियुक्त संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईज्यूद्धारा मिति २०७६ साल श्रावण २६ गते आईतवार त्रि.अ.वि.ना.उ.कार्यालय को निरीक्षण भ्रमण गर्नुका साथै अर्न्तराष्ट्रिय विमानस्थल वाट प्रवाह गरिने सेवा सुविधा अभिवृद्धि गरी विमानस्थलको छवि थप उँचो वनाउदै VISIT YEAR 2020 लाई सफल वनाउनका लागि पूर्वाधारहरुको विकास एंव विद्यमान व्यवस्थाहरुमा परिमार्जन ल्याउनु पर्ने धारणा व्यक्त गर्नुभयो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मोहन सापकोटा, प्रधानमन्त्री कार्यालयका सचिव शिशिर कुमार ढुङ्गाना, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेल, नेपाल पर्यटन वोर्डका कार्यकारी अधिकृत दीपक राज जोशी, VISIT YEAR 2020 आयोजक समितिका संयोजक सुरज वैद्य मन्त्रालयका सहसचिवहरु, त्रि.अ.वि. स्थित अध्यागमन कार्यालयका प्रमुख, १४ नं. वाहिनी का वाहिनीपती, विमानस्थल सुरक्षाका डि.आई.जि. लगायत त्रि.अ.वि. सम्वद्ध निकायका पदाधिकारीहरुको उपस्थिती रहेको सो वैठकमा माननिय मन्त्रीज्यूवाट राज्यका तर्फवाट घोषणा भएको भ्रमण वर्षलाई भव्य रुपमा सफल वनाउनुपर्ने सवैको दायित्व भएको र त्यसको लागी सम्वद्ध सवै क्षेत्र एंव निकायहरुवाट आवश्यक पहलकदमी लिन जरुरी रहेको औंल्याउदै त्रि.अ.वि. वाट लिनुपर्ने अग्रसरता वारे देहाय बमोजिम निर्देशन दिनुभयो :

१. भ्रमण वर्ष अवधिमा रात्रीकालीन उडानलाई प्रोत्साहन गर्न राती १२ वजे पछि उडान गर्ने वायुसेवाहरुलाई विमानस्थलमा लाग्ने नेभिगेशनल सेवा शुल्क एंव नेपाल वायुसेवा निगमवाट प्रदान गरिने Ground Handling शुल्कमा सहुलियत दिने तर्फ ठोस निर्णय गर्नको लागि सरोकारवाला अर्न्तराष्ट्रिय वायुसेवा कम्पनी संग वैठक गरी त्यसरी सहुलियत दिदाँ वढ्न सक्ने उडान संख्याको वारेमा निर्क्योल गरी ७ दिन भित्र पेश गर्ने.।

२. हवाई ईन्धनमा लिइने मूल्य अन्य मुलुकको तुलनामा निकै महंगो भएको गुनासो अर्न्तराष्ट्रिय वायुसेवाहरुवाट आइरहेको सन्दर्भमा त्रि.अ.वि. स्थित नेपाल आयल निगमका डिपो प्रमुखलाई तालुक निकायमा सो वारे छलफल गर्ने निर्देशन दिनु हुदै आफ्नो तर्फवाट समेत आवश्यक पहल गर्ने वताउनुभयो ।

३. विशेष गरी अध्ययनका लागि वाहिरी मुलुकमा पढ्न जाने विधार्थीहरुको सहुलियत एंव उनीहरुले आ–आफु पढ्न जाने कलेज, विश्वविद्यालयहरुमा भ्रमण वर्षको वारेमा जानकारी गराई पर्यटन प्रवर्द्धनमा सहयोग गर्न सक्ने अपेक्षा सहित अध्यागमन मा छुट्टै Dedicated Counter स्थापना गर्न एंव वेलावेलामा आयोजना हुने अर्न्तराष्ट्रिय स्तरका सभा, सम्मेलन, वैठक, छलफलहरुमा आउने विदेशी अतिथीहरुको लागी छुट्टै dedicated Counter स्थापना गर्ने ।

४. त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थललाई थप सौन्दर्ययीकरण गरी बुटिक विमानस्थलको रुपमा भ्रमण वर्ष शुभारम्भको पहिलो दिन उद्घाटन गर्नको लागी आवश्यक सम्पूर्ण कार्यहरु सम्पन्न गर्ने ।

५. विमानस्थलवाट प्रवाह गरिने अध्यागमन सेवालाई प्रभावकारी, चुस्त, दुरुस्त वनाउनको लागी Visa शुल्क Online वाट तिर्ने व्यवस्था मिलाउने, Kiosk Machine हरुलाई पूर्णरुपमा Functional वनाउने एंव अन्य आवश्यकीय सुधारहरु गर्दै जाने ।

६. विमानस्थलवाट संचालन हुने Taxi सेवालाई अझ सरल, सहज र वैज्ञानिक वनाउन एंव रात्रीकालीन समयमा संचालन हुने Taxi मा Tracking System को व्यवस्था गरी यात्रु सुरक्षालाई सुनिश्चित गर्न आवश्यक गृहकार्य गर्ने ।

७. विमानस्थलको समग्र सरसफाई, सौन्दर्ययीकरण, ट्रली सुविधा, Baggaage हरुको उचित व्यवस्थापन, छिटोछरितो यात्रु एंव व्यागेजहरुको प्रोसेसिङ्गमा गम्भिर भएर लाग्ने ।

८. विभिन्न कारणले गर्दा हुन सक्ने उडानको ढिलाइ, कुनै आकस्मिक कारणले पर्न सक्ने असुविधा जस्ता विषयमा यात्रुहरुलाई छिटो जानकारी गराउनको लागी कुनै APPS वा उपयुक्त माध्यमको विकास गरी शिघ्र सूचना सम्प्रेषणको व्यवस्था मिलाउने ।

राजकुमार क्षेत्री
महाप्रवन्धक
त्रि.अ.वि.ना.उ.का., गौचर ।

राज कुमार क्षेत्री
महाप्रवन्धक